## सम्पादकीय

# शिक्षा-विशेष अंक

*समाज अध्ययन*को यो अंक शिक्षा-विशेष छ ।

नेपालमा आम मानिसको पहुँचमा शिक्षा पुगेको राणाशाहीको पतन (वि.सं. २००७) पछि मात्र हो । २००७ सालअघि नेपालमा सामान्य लेख-पढ जान्नेहरू सयमा दुई जना पनि थिएनन् । अनि मुलुकभरमा जम्माजम्मी एउटा कलेज र ११ ओटा हाइस्कूल थिए । तसर्थ, यो सात दशकमा शिक्षामा उल्लेख्य हिसाबले संख्यात्मक विस्तार भएको छ भन्न सकिन्छ ।

आमजनसम्म शिक्षाको विस्तारसँगै पछिल्लो समय यसलाई व्यक्तिको अधिकार र कर्तव्यसँग पनि जोडिएको छ । २०७२ सालको नयाँ संविधानले आधारभूत तह सम्मको शिक्षा निःशुल्क मात्रै भनेको छैन, अनिवार्य समेत भनेको छ । यसको अर्थ हो, मुलुक भित्रका सबै स्कूल जाने उमेरका बालबालिकाले आधारभूत तह सम्मको शिक्षा लिनै पर्छ । भलै यो प्रावधानलाई कडाइका साथ क्रियान्वित गरिएको छैन, जुन अर्कै पाटो हो ।

एकतर्फ, संविधान र अन्य राष्ट्रिय नीतिहरूमा शिक्षालाई सार्वजनिक हितको वस्तु (पब्लिक गुड) को रूपमा हेरिएको छ, अर्कोतर्फ शिक्षा व्यापारको वस्तु पनि भएको छ । खास गरी २०४६ सालपछि शिक्षा-व्यापार एउटा महत्त्वपूर्ण धन्दा बनेको छ । अनि शिक्षालाई व्यापारको वस्तु बनाएकाहरूले निजी शिक्षा राम्रो/गुणस्तरीय र सार्वजनिक शिक्षा गुणस्तरहीन भन्ने भाष्य स्थापित गर्न खोजेको देखिन्छ । यसरी शिक्षा एकै पटक अधिकार, कर्तव्य र व्यापारको विषय बन्न जाँदा यसले एउटा अनौठो र असंगत परिस्थिति निर्माण भएको छ ।

शिक्षा जस्तो महत्त्वपूर्ण, बहुप्रभावी र सबै परिवारको सरोकारको विषयलाई केन्द्रमा राखी हामीकहाँ केही अध्ययन-अनुसन्धानको काम त भएको छ, तर त्यो यथेष्ट छैन । भएका मध्येको ठूलो संख्या विश्वविद्यालयका विभिन्न तहका उपाधि हासिल गर्ने क्रममा गरिएका अध्ययन-अनुसन्धान छन् । कतिपय परियोजनागत प्रतिवेदन पनि छन् । केही चाहिँ वैयक्तिक हिसाबले गरिएका काम छन् । यी कतिपय काम पुस्तकाकार र प्राज्ञिक लेख वा रिपोर्टको रूपमा बाहिर आएका छन्, जसको ठूलो हिस्सा अंग्रेजी भाषामा प्रकाशित छ ।

नेपाली भाषामा शिक्षाको वरिपरि रहेर लेखिएका अलि गहन प्राज्ञिक सामग्रीको अभावै छ । नेपालको समाजलाई बुझ्ने हो भने, नेपाली समाज विज्ञानलाई समृद्ध बनाउने हो भने नेपाली भाषामा प्राज्ञिक कर्म हुनु जरुरी छ भन्ने सोचका साथ शुरू गरिएको यो जर्नलमा

सो अभाव पूर्तिका लागि हामीले यसको १६ औँ अंकलाई शिक्षा-विशेष बनाउने गरी काम थाल्यौँ। यस्तो काम “कल-फर-पेपर” बाट शुरू भयो। हाम्रो सार्वजनिक सूचनालाई देखेपछि केही अध्येताले हामीलाई सम्पर्क गर्नुभयो; लेख्ने प्रतिबद्धता दर्शाउनुभयो। आपसी समझदारी पश्चात् लेखहरूका मस्यौदा बिस्तारै प्राप्त हुन थाले, अनि ती मस्यौदा उपर समीक्षकहरूबाट टिप्पणी गरिए। यसरी लेखन-टिप्पणी-पुनःलेखन/परिमार्जन-सम्पादनका विभिन्न चरण पार गरेर आएका केही सामग्री हामीले यो अंकमा छापेका छौँ। अन्तिम मस्यौदासम्म पुग्न बाँकी रहेका केही लेख आउँदा अंकहरूमा छापिनेछन्।

हामीले यो अंकमा विद्यालय शिक्षासँग सम्बन्धित पाँच ओटा लेख सामेल गरेका छौँ। चार ओटा टिप्पणीमध्ये दुई ओटा शिक्षा सम्बन्धी छन् भने एउटा अनुसन्धान-पूर्वाधार (नेपाल सम्बन्धी आर्काइभ) बारे छ। त्यस्तै, यस अंकका तीन ओटै संस्मरण त्रिविमा उच्च शिक्षा अध्ययन गर्दाका अनुभव उपर छन्। नेपालको प्राथमिक शिक्षा/पाठशालाको पहिलो पाठ्यक्रम पनि पाठकसामु पस्केका छौँ। सँगै, दुई ओटा पुस्तक समीक्षाले पनि यो अंकमा स्थान पाएका छन्। यहाँ प्रकाशित सामग्रीले अरूलाई पनि आउँदा दिनमा नेपालको शिक्षाबारे लेख्न-छाप्न अभिप्रेरणा दिनेछन् भन्ने हामीले आशा गरेका छौँ।